"स्वच्छ, सफा, समृद्ध, सुन्दर – महालक्ष्मी नगर"
"Clean, Green, Prosperous, Full of Beauty - Mahalaxmi Municipality"

# महालक्ष्मी नगरपालिका
# Mahalaxmi Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office of the Municipal Executive

ललितपुर, बागमती प्रदेश, नेपाल
Lalitpur, Bagmati Province, Nepal

पत्र संख्या (Let. No.):
चलानी नं. (Reg. No.):

कृषि विकास शाखा

महालक्ष्मी नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय बागमती प्रदेश ललितपुर २०७२

विषयः प्रस्ताव आह्वानको सूचनाः

प्रथम पटक प्रकाशित मितिः २०८१/१०/१३

महालक्ष्मी नगरपालिका कृषि विकास शाखाको आ.ब २०८१/०८२ को प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत संरक्षित संरचनामा तरकारी खेती प्रबर्द्धन कार्यक्रम (वडा नं ९ मा पुराना टनेललाई नयाँ फलामे टनेल बनाउने) कार्यक्रम रहेकोमा उक्त कार्यक्रम संचालनका लागि महालक्ष्मी नगरपालिका वडा नं ९ का ईच्छुक कृषक/कृषक समुह/कृषि फर्म/कृषि सहकारीले यो सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८१।११।०२ गते) भित्र तपसीलका शर्त तथा कागजात सहित प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

आवश्यक शर्त तथा कागजातहरुः

- आवेदकले कम्तिमा २ बर्ष देखि टनेल खेती गर्दै आएको हुनुपर्ने छ।
- आवेदक ब्यक्तिगत फर्मको हकमा फर्म दर्ता, नागरिकता, र कम्तीमा ३ रोपनी जग्गा भएको प्रमाणपत्रको प्रतिलिपी ।
- कृषि समुह/सहकारी/संस्थाको हकमा नियमानूसार दर्ताको प्रमाणपत्र १० देखि २५ रोपनी जग्गाको उपलब्धताको प्रमाणको प्रातेलिपी ।
- जग्गाको स्वामित्व आफ्नै भए सोको प्रमाण र भाडामा भए कम्तिमा १० बर्षको बहाल करार सम्झौताको कागजातको प्रतिलिपी ।
- आवेदकले महालक्ष्मी नगरपालिकाले तोकेको ढाँचामा (५० प्रतिसत साझेदारी ब्यहोर्ने प्रतिवद्धता सहित) प्रस्ताव पेश गर्नुपर्ने छ ।
- छनौट भएका आवेदकले नगरपालिकासंग गरेको सम्झौता बमोजिम स्वीकृत लागत अनुमान र स्पेसिफिकेशनका आधारमा फलामे टनेल निर्माण गर्नुपर्नेछ ।
- आवेदकले प्रस्ताव संगै टनेल निर्माण गर्ने स्थानको स्पष्ट देखिने गरी रंगीन फोटो पेश गर्नुपर्ने छ ।
- म्याद नाघी आएका रित नपुगेको प्रस्ताव उपर कुनै कारबाही हुने छैन ।
- प्रस्ताव स्वीकृत सम्बन्धि सम्पूर्ण अधिकार महालक्ष्मी नगरपालिकामा रहनेछ ।

गणेश बहादुर थापा
अधिकृत छैठौं

२०८१।१०।१२

..........................
इन्द्र प्रसाद अधिकारी
अधिकृत आठौं

इन्द्र प्रसाद अधिकारी
अधिकृत आठौं

फोनः ०१-५२०३५९२, ०१-५२०१६३३, ०१-५२०१७३३
Email: info@mahalaxmimun.gov.np, mahalaxmimun@gmail.com, Web: http://mahalaxmimun.gov.np